नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

# विद्युत विकास विभाग

(वातावरण शाखा)

फोन नं. ४४११०७४, ४४११५३७
४४११७६८, ४४१९५०१
४४४५७७५, ४४३४११९
४४३९३६२

फ्याक्स (९७७-१)-४४४३९०३
पोष्ट वक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२
च. नं. :-वातावरण शाखा २६२९

मितिः२०८२/०३/०२

श्री सम्पूर्ण विद्युत आयोजनाका प्रवर्धकज्यूहरु,

विषयः **फैसला कार्यान्वयन सम्बन्धमा ।**

सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि विकास आयोजना निर्माण गर्दा वातावरणीय तथा सामाजिक न्याय कायम राख्न आयोजनाबाट प्रभावित स्थानीय प्रतिनिधिहरु, वातावरणविद्, नागरिक समाज समेतका प्रतिनिधिहरुको **वातावरण संरक्षण तथा उपचार समिति** खडा गर्नु र समितिको कामको प्रयोजनका लागि आवश्यक स्रोतको व्यवस्था गर्नु र गर्न लगाउनु भनी यस मन्त्रालयको नाममा परमादेशको आदेश भएकोले उक्त आदेशको कार्यान्वयन गर्न कुनै पनि विकास आयोजना निर्माण गर्दा वातावरणीय तथा सामाजिक न्याय कायम राख्न आयोजनाबाट प्रभावित स्थानीय प्रतिनिधिहरु, वातावरणविद्, नागरिक समाज समेतका प्रतिनिधिहरुको प्रतिनिधित्वमा **वातावरण संरक्षण तथा उपचार समिति** गठन गरी उक्त समितिको राय सल्लाह वमोजिम कार्यहरु बढे नबढेको अनुगमन निरीक्षण गर्न र समिति गठन नभएको भए गठन गरी सामाजिक तथा वातावरणीय न्याय राख्ने गरी आयोजना कार्यान्वयन गर्नुहुन र सामाजिक तथा वातावरणीय न्यायको सम्वन्धमा हालसम्म आयोजना कार्यान्वयन गर्दा भए गरेको काम कारवाहीको विवरण उपलब्ध गराइ दिनुहुन, मिति २०८२\०२\२५ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

.................................
(सुनिता खनाल)
वातावरणविद्

वोधार्थः
श्री स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) । (त्यस संस्थाका सदस्यहरुलाई जानकारी गराउन हुन )
श्री सौर्य ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (SOPAN) ।